नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

परोहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra

Swiss Agency for Development and Cooperation SDC
स्वीस सरकार विकास सहयोग एसडीसी

HELVETAS NEPAL

SaMi Safer Migration Programme

विषयगत समिति / शाखाहरुसंग वैदेशिक रोजगारीसंग सम्बन्धित सेवा संस्थागत गर्ने सम्बन्धी अभिमुखीकरण एवम् अन्तरक्रिया कार्यक्रम

२०८३ बैशाख २९ गते



संदीप कुमार साह
(रोजगार संयोजक)

सुरक्षित आप्रवासन (सामी) कार्यक्रम र अन्य शाखा ...



रोजगार सेवा केन्द्रमार्फत प्रवाह हुने वैदेशिक रोजगारीसंग सेवाहरु

- वैदेशिक रोजगारी सम्बन्धी सूचना, जानकारी र परामर्श
- सुरक्षित आप्रवासन सम्बन्धी कार्यक्रम (SaMi)
- व्यक्तिगत पुनःश्रम स्वीकृति सम्बन्धी सहजीकरण
- वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने सेवाहरुमा सहजीकरण
    - उद्दार तथा खोज तलास
    - शव झिकाउने
    - शव ढुवानी
    - परिवारिक औषधी उपचार खर्च
    - विरामी वा अंगभंग
    - आर्थिक सहायता
    - शैक्षिक छात्रवृत्ति
- पुनःएकीकरण सम्बन्धी कार्यक्रम (ReMi)

वैदेशिक रोजगार सम्बन्धी सूचना, जानकारी र परामर्श

कागजपत्र छोड्ने

वैदेशिक रोजगारीमा जाँदा महत्त्वपूर्ण कागजपत्रहरुको केही प्रति परिवारलाइं अवश्य दिनुहोस् ।



विदेशमा अलपत्र पर्दा, बिरामी पर्दा वा कुनै पनि खालको अप्ठेरो पर्दा यी कागजपत्रले तपाईंको सहायता र उद्धार गर्न सहयोग गर्छन् ।

सामी कार्यक्रमका मुख्य क्रियाकलापहरु



सामी कार्यक्रमको लाभान्वित सेवाग्राहीहरू :



शैक्षिक छात्रवृत्ति

- बैदेशिक रोजगार बोर्डद्वारा प्रदान गरिने छात्रवृति

१८ वर्ष मुनिका बालबालिकाहरुको लागि आधारभूत तह सम्मको लागि १२००० र माध्यमिक तहसम्मको लागि १६०००



छात्रवृत्ति प्राप्तिको प्रक्रिया :

७. <u>छात्रवृत्ति प्राप्तिको प्रकृया</u> : (१) यस कार्यविधिमा उल्लेख भए बमोजिमको परिवारका सदस्यले छात्रवृत्तिका लागि वैदेशिक रोजगार बोर्डको सचिवालयले सूचना प्रकाशित गरी तोकेको म्यादभित्र सम्बन्धित शैक्षिक संस्थामा अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) निवेदन साथ निवेदकले देहायका कागजातहरु संलग्न गर्नु पर्नेछः-

(क) श्रमिकको राहदानीको प्रतिलिपि वा राहदानी खुल्ने कागजात,

(ख) छात्र/छात्रा वा निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र बैंक खाता,

(ग) मृतकको हकमा मृत्यु दर्ताको प्रमाणपत्र र श्रमिकको अङ्गभङ्ग वा गम्भीर बिरामी भएको प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सकको प्रमाणपत्रको प्रतिलिपि,

(घ) छात्र/छात्रा र श्रमिक बीचको नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि,

(ङ) सम्बन्धित स्थानीय तहको सिफारिसको प्रतिलिपि,

(च) श्रमिक करार अवधिभित्रै अङ्गभङ्ग वा गम्भीर बिरामी भई समस्यामा परी स्वदेश फर्केको खुल्ने कागजात,

(छ) निवेदकको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,

आर्थिक सहायता सेवा

- बैदेशिक रोजगार बोर्डद्वारा मृतकको परिवारलाई प्रदान गरिने आर्थिक सहायता
- बैदेशिक रोजगार बोर्डद्वारा एकाघरको परिवारलाई प्रदान गरिने स्वास्थ्य उपचार सहायता
- बैदेशिक रोजगार बोर्डद्वारा श्रमिकलाई प्रदान गरिने औषधि उपचार खर्च
- मनोसामाजिक सम्बन्धिका समस्याहरुमा परामर्श सेवा प्रदान गर्न तथा मनोसामाजिक परामर्शकर्तालाई आवश्यक सल्लाह तथा मार्ग निर्देशन



स्वास्थ्य उपचारको लागि निवेदन दिदा पेश गर्नुपर्ने कागजातहरु:

उपचार सहयोगको लागि निवेदन दिँदा पेश गर्नुपर्ने कागजातहरुको विवरण।		
१	कामदारको पासपोर्टको प्रतिलिपी	
२	Arrival/Departure देखीने प्रमाण	
३	विरामी भएको व्यक्तिको नागरीकताको प्रतिलिपी	
४	कामदार र विरामी व्यक्ति विचको नाता प्रमाणित पत्र (सम्वन्धित स्थानीय तहको सिफारिस पत्र)	
५	विरामीलाई आर्थिक समस्या परेको स्वघोषणपत्र	
६	विरामीको रोग स्पष्ट खुल्ने गरी सरकारी अस्पतालमा जाँच गरेको प्रमाण वा मान्यता प्राप्त चिकित्सकको प्रेस्किप्सन वा सिफरिस पत्र	
७	विरामीको वैङ्क खाता खुल्ने कागजातको प्रतिलिपि	

कृषि शाखासंगको सहकार्यमा पुनःएकीकरण

बैदेशिक रोजगरबाट फर्किएर आउनु भएका दक्ष कामदारहरुलाई कृषिका काममा उपयोग तथा बैदेशिक रोजगारबाट प्राप्त ज्ञान ,सीप र पुँजीको उपयोग, वितिय शाक्षरता कक्षाबाट दिक्षित भएका तालिम प्राप्त जनशक्तिहरुलाई उनीहरुको दक्षता अनुसार यस शाखा बाट प्राप्त हुने अनुदान तथा अन्य सेवाहरुमा जोड्न सकेमा प्रभवकारी रिजल्ट प्राप्त गर्न सकिन्छ



पूर्वाधार विकास शाखासंगको सहकार्यमा पुनःएकीकरण

बैदेशिक रोजगरबाट फर्किएर आउनुभएका दक्ष कामदारहरुलाई पूर्वाधार विकासका काममा उपयोग तथा बैदेशिक रोजगारबाट प्राप्त ज्ञान ,सीप र पुँजीको उपयोग



“स्वदेशमा नै रोजगारी गरौं वैदेशिक रोजगारीमा जाने नै भए,
सही सूचना लिएर र सीप सिकेर मात्र जाऔं”

